अनुसूची-२

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)


चौरजहारी नगरपालिका

स्थानीय राजपत्र

| खण्ड : ८ | सङ्ख्या : ४ | मिति : २०८१/०३/०८ |
|---|---|---|

भाग -१

चौरजहारी नगरपालिका

प्रकाशन मिति : २०८१/०३/१३


## चौरजहारी नगरपालिकाको आर्थिक बर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१

**प्रस्तावनाः** चौरजहारी नगरपालिकाको आर्थिक बर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम चौरजहारी नगर सभाले यो विधेयक बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस विधेयकको नाम **"चौरजहारी नगरपालिका विनियोजन विधेयक, २०८१"** रहेको छ ।

(२) यो विधेयक तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८१/०८२ को लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः-** (१) आर्थिक वर्ष २०८१-०८२ को लागि नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त **अनुसूची १** मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय

चौरजहारी नगरपालिका

व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु ६०,५७,१६,९४२/- (अक्षरुपी साठी करोड सन्ताउन्न लाख सोह्र हजार नौ सय बयालिस)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस विधेयकद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/०८२ को लागि चौरजहारी नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

४. जग्गा खरिद प्रक्रियालाई सरल र सहज बनाई नगरपालिका, वडा कार्यालय, विद्यालय एवम् अन्य सरकारी निकायहरुको लागि आवश्यक संरचना निर्माणको कार्यलाई तीब्रता दिन प्रचलित बजार मूल्य, जग्गाको न्यूनतम मूल्याङ्कन र नगरपालिकाको आर्थिक विधेयकमा उल्लेख भएको मूल्याङ्कन समेतलाई विश्लेषण गरी नगर कार्यपालिकाबाट लागत अनुमान स्वीकृत गरी सोही लागत अनुमानमा उल्लेखित दरभन्दा बढि नहुने गरी संघीय सार्वजनिक खरिद विधेयक र चौरजहारी नगरपालिका सार्वजनिक खरिद नियमावली बमोजिमको खरिद प्रक्रिया अवलम्वन गरी खरिद गर्न सकिनेछ ।

चौरजहारी नगरपालिका

५. चौरजहारी नगरपालिका क्षेत्रभित्रको सडक, खानेपानी र भवन निर्माण लगायतका पूर्वाधारको अवस्थाले नगरपालिका क्षेत्र विकासमा पछाडि परेको हुँदा सडक, खानेपानी र अन्य पूर्वाधारमा समेत स्तर उठाउन सङ्घ र प्रदेश सरकारबाट प्राप्त हुने सशस्त्र, समपूरक, विशेष अनुदान र नगरपालिकाबाट प्राप्त बजेटबाट ठेक्का आह्वान गरी बचत हुन गएको रकमबाट सोही आयोजनाको बाँकी काम पूरा गर्न पुन :बोलपत्र वा खरिद ऐन र नियमावलीबमोजिम उपयुक्त विधिअनुसार खरिद गरी नगरपालिका कार्यालयले निर्माण कार्य गराउन सक्नेछ ।

६. **विविधः** (१) आयोजना व्यवस्थापन खर्च (कन्टिन्जेन्सी) सम्बन्धमा देहाय बमोजिम गर्ने -:

(क) कूल पुँजीगत खर्च शीर्षकमा विनियोजित रकमको बढिमा ५ प्रतिशतले हुन आउने रकम आयोजना व्यवस्थापन खर्च (कन्टिन्जेन्सी) को रुपमा छुट्याउनु पर्नेछ ।

(ख) कूल कन्टिन्जेन्सी रकमको बढिमा १० प्रतिशतले हुन आउने रकम विपद् व्यवस्थापनको लागि प्रकोप व्यवस्थापन कोषमा जम्मा गर्नु पर्नेछ र प्राकृतिक प्रकोप पीडित राहत सम्बन्धि कार्यविधि, २०७४ अनुसार उद्धार, राहत, पुनर्स्थापना र पुनःनिर्माणको लागि एवम् कोरोना भाइरस रोकथाम, नियन्त्रण र उपचारको लागि उक्त रकम खर्च गर्न सकिनेछ ।

(ग) कूल कन्टिन्जेन्सी रकमको ६० प्रतिशत रकम पुँजीगत प्रकृतिका कार्यक्रम (आयोजना सञ्चालनको लागि आवश्यक उपकरण खरिद, भौतिक संरचना निर्माण, पुँजीगत अनुसन्धान तथा परामर्श खर्च लगायतमा) र ३० प्रतिशत रकम चालू प्रकृतिका कार्यक्रमहरु (उपभोक्ता समितिहरुको सशक्तिकरण, आयोजनासँग सम्बन्धित सामग्रीहरु खरिद, इन्धन, आयोजनाहरुको अनुगमण, मसलन्द खर्च, सार्वजनिक सुनुवाई लगायतमा) को लागि खर्च गर्नुपर्नेछ ।

(घ) खण्ड (क), (ख) र (ग) मा उल्लेख भए अनुसारको मापदण्डको अधिनमा रहि नगर कार्यपालिकाले कन्टिन्जेन्सी वापतको रकमको लागि योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्न सक्नेछ ।

(२) आयोजना कार्यान्वयनको लागि नगर कार्यपालिकाले कार्यान्वयन कार्ययोजना र समय तालिका बनाई लागू गर्नुपर्नेछ । आयोजना कार्यान्वयन कार्य योजनामा अनुगमन तथा मूल्यांकनको लागि समेत कार्य योजना बनाई लागू गर्नु पर्नेछ । कार्यान्वयन कार्ययोजना बनाउँदा कार्तिक मसान्तभित्र स्वीकृत कार्यक्रमहरु कार्यान्वयनको लागि सम्पूर्ण खरिद

चौरजहारी नगरपालिका

प्रक्रिया टुङ्ग्याई कार्यान्वयनको लागि सम्झौता गरिसक्नुपर्नेछ । धेरै लागत अनुमान भएका र कार्य सम्पन्न गर्न बढि समय आवश्यक पर्ने ठूला आयोजनाहरु बाहेक अन्य आयोजनाहरु आर्थिक वर्षको वैशाख मसान्तभित्र सम्पन्न गरी भुक्तानी भईसक्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) कर्मचारी एवम् पदाधिकारीहरुको एक दिनको आधारभूत तलव बराबरको रकम वार्षिक रुपमा नगर कार्यापालिकाले आव्हान गरेमा नगरपालिकाको आकस्मिक कोषमा जम्मा गर्नु पर्नेछ । उक्त रकम प्रकोप पिडित, आर्थिक सहायता, जोखिममा परेका बालबालिकाहरुको उद्धार तथा पुनःस्थापना लगायतको आकस्मिक कार्यहरुमा खर्च गर्न सकिनेछ ।

(४) नगरपालिकाभित्र सञ्चालन हुने आयोजनाहरुको कन्टिन्जेन्सी वापतको रकम र जनसहभागिता बाहेकको रकम कटाएर हुन आउने रकमको १ प्रतिशत बराबरको रकम मर्मत सम्भार कोषमा जम्मा गर्नु पर्नेछ ।

(५) आर्थिक वर्ष २०८०/०८१ को असार मसान्तसम्म निरन्तर रुपमा कार्य गरी कार्य सम्पादनस्तर राम्रो एवम् सन्तोषजनक भएका कर्मचारीहरुको करार अवधि नगरपालिकाको स्वीकृत सङ्गठन संरचना र दरवन्दी विवरण बमोजिम श्रम सम्बन्धी कानून र नगरपालिकाको आर्थिक स्रोत समेतको आधारमा कम्तिमा साविकको सेवा शर्त र सुविधा कायम हुने गरी नगर कार्यपालिकाले थप गर्न सक्नेछ । करार कर्मचारीको करार सेवा अवधि थप गर्दा निजले २०८१ असार मसान्तसम्म सम्पादन गरेको कार्य सम्पादनस्तर मापन गर्नुपर्नेछ । कार्यबोझ र कर्मचारीले पूरा गरेको जिम्मेवारीको स्तर हेरेर थप व्ययभार नहुने गरी नगर कार्यपालिकाले पारिश्रमिक तोक्न सक्नेछ। नगर कार्यपालिकाले कर्मचारीको कार्य सम्पादनस्तर, सेवाको प्रकृति र कार्यालयको कार्यबोझ समेतलाई विश्लेषन गरी एक प्रकृतिको पदमा करार सेवामा कार्यरत कर्मचारीलाई अर्को प्रकृतिको पद वा सेवा समुहमा काम गर्ने गरी जिम्मेवारी तोक्न वा सेवा समूह परिवर्तन गर्न सक्नेछ ।

चौरजहारी नगरपालिका

(६) २० किलोमिटरभन्दा कम दूरीमा कार्यालयको काममा खटिने कर्मचारी तथा पदाधिकारीहरुलाई अनुगमन तथा मूल्याङ्कन खर्च उपलब्ध गराईने छैन् ।

तर, कार्यालय समय बाहेक अतिरिक्त समयमा नगरपालिकाको कामकाज गर्ने गरी कुनै कर्मचारी वा पदाधिकारीहरुलाई खटाईएमा कामको प्रकृति र कार्य सम्पादन प्रतिवेदनको

विश्लेषण गरी खाना वापत रु ५०० र खाजा वापत रु ३५० रकम उपलब्ध गराउन सकिनेछ ।

(७) नगरस्तरिय अनुगमन तथा मूल्याङ्कन समितिका पदाधिकारीहरु एवम् कर्मचारीहरुलाई फिल्ड प्रतिवेदनको आधारमा अनुगमन भत्ता उपलब्ध गराउनु पर्नेछ ।

(८) महामारी रोग नियन्त्रण र उपचारको लागि अतिरिक्त समय खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा अन्यकर्मचारीहरुलाई नेपाल सरकार एवम् प्रदेश सरकारले निर्माण गरेको मापदण्ड र निर्णयानुसार कामको प्रकृति र जोखिम हेरी मासिक तलवमानको बढिमा २५ प्रतिशतदेखि १०० प्रतिशतसम्म प्रोत्साहन वा जोखिम भत्ता उपलब्ध गराईनेछ ।

(९) चौरजहारी नगरपालिकाबाट सञ्चालन भएका एम्बुलेन्सको प्रयोगबाट प्राप्त राजस्व रकमको बढीमा १५ प्रतिशतसम्म एम्बुलेन्स चालकलाई प्रोत्साहन भत्ता उपलब्ध गराउन सकिने छ । साथै जे.सि.बि. (भ्याकुलोडर) सञ्चालन गरे बापत चालकलाई नगरपालिकाको आफ्नै काममा भत्ता नहुने तर नगरपालिकाले बहालमा लगाएको खण्डमा वा कुनै आयोजनामा खटाएमा बढीमा प्रतिघण्टा रु ३०० (तिन सय) का दरले भत्ता दिन सकिने छ ।

(१०) नगरपालिकामा रहेका सरकारी सवारी साधनको प्रयोग व्यक्तिगत प्रयोजनमा गर्न पाईने छैन् । यदि कोही कसैले व्यक्तिगत प्रयोजनमा प्रयोग गरेको पाईएमा प्रमुख प्रशासकीय अधिकृतले पहिलो पटकभए रु १०००।०० र पुन: प्रयोग गरेमा रु ५०००।०० जरिवाना गर्न सक्नेछ । सरकारी सम्पत्ति दुरुपयोग गर्ने वा गर्न खोज्ने व्यक्तिहरुलाई कानून बमोजिमको थप कारवाहीको लागि सम्बन्धित निकायमा लेखि पठाउन सकिनेछ ।

(११) विगतदेखि निरन्तर रुपमा करार सेवामा कम्तिमा पाँच वर्ष वा सोभन्दा बढि अवधि स्थानीय तहमा काम गरेका एवम् स्थानीय भत्ता खाईरहेका कर्मचारीहरुलाई निजहरुको नियुक्ति र सेवा शर्तको आधारमा स्थानीय भत्ता र मंहगी भत्ता उपलब्ध गराउन सकिनेछ ।

तर स्थानीय भत्ता र महगी प्राप्त गरिरहेका करार कर्मचारीहरुको हकमा साविक बमोजिम नै हुनेछ ।

चौरजहारी नगरपालिका

(१२) नगर कार्यपालिकाको निर्णयानुसार करारमा कर्मचारी भर्ना सम्बन्धि कार्यविधि, २०७६ अनुसार नगर प्रहरी लगायत स्वीकृत अन्तरिम दरवन्दी अनुसारका रिक्त पदहरुमा स्थायी कर्मचारी खटी आएमा वा अर्को कुनै व्यवस्था भएमा सोही बमोजिम हुने गरी तत्काल सेवा प्रवाहलाई निरन्तरता दिन संचित कोषमा थप व्ययभार नपर्ने गरी करारमा कर्मचारी व्यवस्था गर्न सकिनेछ ।

(१३) नगरपालिकाभित्र आफ्नो कार्यक्रम कार्यान्वयन गर्न चाहने सरकारी तथा गैरसरकारी संघसंस्थाहरुले बजेट तथा कार्यक्रम नगर कार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ । साथै नगरपालिकासँगको समन्वयबिना त्यस्ता कार्यक्रम कार्यान्वयन गर्न पाईने छैन् ।

(१४) बजेट कार्यान्वयनको क्रममा वार्षिक बजेट कार्यक्रममा समावेश नभएको कुनै अत्यावश्यक दायित्व सिर्जना भएमा नगर कार्यपालिकाले निर्णय गरी खर्च गर्न सक्नेछ ।

चौरजहारी नगरपालिका

अनुसूची - १

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | शिर्षकको नाम | चालु खर्च | पुँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा | कुल बजेटमा हिस्सा (प्रतिशत) |
|---|---|---|---|---|---|---|
| १ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| १ | बाँडफाँडभई प्राप्त हुने मूल्य अभिबृद्धि कर राजस्व बाँडफाँड (संघीय सरकार) | १००५००००० | ० | ० | १००५००००० | १६.५९ |
| २ | बाँडफाँटबाटप्राप्त हुने सवारी साधन कर राजस्व बाँडफाँड (स्थानीय तह राजस्व बाँडफाँड) | ६४६२९४२ | ५००००० | ० | ६९६२९४२ | १.१५ |
| ३ | संघीयसरकार समानिकरण अनुदान | ३५५१०००० | ६५३९०००० | ० | १००९००००० | १६.६६ |
| ४ | संघीयसरकार सशर्त अनुदान | २३४०५१००० | ३७५२८००० | ० | २७१५७९००० | ४४.८४ |
| ५ | संघीयसरकार समपूरक अनुदान | ० | ९५००००० | ० | ९५००००० | १.५७ |
| ६ | संघीयसरकार विशेष अनुदान | ० | ० | ० | ० | ०.०० |
| ७ | प्रदेशसरकार समानिकरण अनुदान | ११३१३००० | ० | ० | ११३१३००० | १.८७ |
| ८ | प्रदेशसरकार सशर्त अनुदान | २१७०००० | ५९५००००० | ० | ६१६७०००० | १०.१८ |
| ९ | प्रदेशसरकार समपूरक अनुदान अनुदान | ० | ५०००००० | ० | ५०००००० | ०.८३ |
| १० | प्रदेशसरकार विशेष अनुदान | ३०००००० | ० | ० | ३०००००० | ०.५० |
| ११ | आन्तरिकस्रोत (नगर अस्पताल तथा सवारी साधन कोष सहित) | ३५२९२००० | ० | ० | ३५२९२००० | ५.८३ |
| | **जम्मा** | ४२८२९८९४२ | १७७४१८००५ | ० | ६०५७१६९४७ | १००.०० |

| | |
|---|---|
| चालु बजेट प्रतिशतमा | ७०.७१ |
| पुँजिगत बजेट प्रतिशतमा | २९.२९ |

चौरजहारी नगरपालिका